## प्रस्ताव आव्हान सम्बन्धिल सूचना ।

प.सं.:

**प्रथम पटक प्रकाशित सूचनाः २०७९।०७।२५**

च.नं.: यस तिलोत्तमा नगरपालिका पशु सेवा शाखाको आ.व. २०७९।८० मा स्वीकृत छाडा तथा सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रम गर्नु पर्ने भएकोले यस नगरपालिका भित्र रहेका सामुदायिक पोथी कुकुरमा बन्ध्याकरण कार्यक्रम संचालन गर्न इच्छुक तपशिल अनुसारको मापदण्ड पुरा गर्ने कृषि तथा पशु विज्ञान क्षेत्रमा कार्य गरेको संस्था/फर्महरुलाई तपशिल बमोजिमका कागजपत्र सहित यो सूचना प्रकाशन भएको मितिले २१ दिन अर्थत मिति २०७९।०८।१५ गते कार्यालय समय भित्र यस नगरपालिकाको पशु सेवा शाखा जानकीनगरमा प्रस्ताव दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| क्र.स. | विवरण | बजेट रकम रु. (सम्पूर्ण कर सहित) | बन्ध्यकरण गर्नुपर्ने न्यूनतम कुकुर संख्या | कैं. |
|---|---|---|---|---|
| १ | तिलोत्तमा नगरपालिकाको वडा नं १ देखि ६ तथा ७, ९, १५ लगाएत अन्य वडाका सामुदायिक पोथी कुकुर समेत । | रु २०००००।- (रु दुई लाख मात्र ।) | ८० | |

**आवश्यक कागजपत्रहरु**

१. फर्म/संस्था नविकरण भएको दर्ता प्रमाणपत्र, प्यान दर्ता, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

२. कार्यक्रमको परिचय, उद्येश्य, अवश्यकता, कार्यक्रम संचालन विधि, निष्कर्ष तथा आर्थिक खर्च विबरण सहितको प्रस्तावना ।

३. कुकुर बन्ध्याकरण सम्बन्धी कार्य गरेको अनुभव पत्रको प्रतिलिपि ।

४. बन्ध्यकरण कार्यमा संलग्न हुने कुनै २ जना पशु चिकित्सकको लाईसेन्स प्रमाणपत्रको प्रतिलिपि ।

**शर्तहरुः**

१. कुकुरलाई नियन्त्रमा लिने तथा कुकुरलाई सम्बन्धित ठाँउमा छाड्ने जिम्मा संस्थाको हुनेछ ।

२. कुकुरको बन्ध्याकरण कार्य दक्ष लाईसेन्स प्राप्त पशु चिकित्सकले मात्र गर्नुपर्नेछ ।

३. अपरेशन गर्नु भन्दा १ दिन अगाडी नै कुकुरलाई अपरेशन गर्ने ठाँउमा लगेर आवश्यक स्वास्थ्य परिक्षण गरि स्वास्थ्य अवस्था सामान्य भएमा मात्र अपरेशन कार्य गर्नुपर्ने छ ।

४. अपरेशन गरेको कुकुरलाई कम्तिमा ७२ घण्टा पोस्ट-अपरेटिभ केयरको लागि होल्डिंगमा राख्नुपर्नेछ ।

५. पोस्ट-अपरेटिभ केयरमा कुकुरलाई होल्डिंगमा राख्दा आवश्यक पर्ने खाना (Dog Feed) को व्यवस्था संस्थाले गर्नुपर्नेछ साथै कुकुर राख्ने सेन्टरको व्यवस्था संस्थाले नै गर्नुपर्नेछ ।

६. बन्ध्याकरण गरिसकेपछी कुकुरलाई अनिवार्य टयागिङ्ग गर्नुपर्नेछ ।

७. पोस्ट-अपरेटिभ अवधि समेत बन्ध्याकरण शिविर कम्तिमा एक हप्ताको लागि संचालन गर्नुपर्नेछ ।

८. शिविर संचालनमा सहभागी टालीको खाना, आवास, यातायात खर्च, पारिश्रमिक, मेडिकल एक्युप्मेन्ट, औषधीलगाएत सम्पूर्ण व्यवस्था सम्बन्धित संस्थाले स्वीकृत बजेटको परिधि भित्र रहेर स्वीकृत आर्थिक प्रस्तावना अनुसार गर्नुपर्नेछ ।

९ .कार्यक्रमको अनुगमन तिलोत्तमा नगरपालिकाले गर्नेछ ।

०७९/०७/२५

माधव प्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner